# सातौं राष्ट्रिय विज्ञान दिवस, २०७६ सम्वन्धी जानकारी

## १. पृष्ठभूमि :

विज्ञान र प्रविधि क्षेत्रको समुचित विकास र उपयोग वाटै मुलुकको थप समृद्धि, विकास तथा शुसासन सम्भव हुने तथ्यलाइ मनन गरी विज्ञान र प्रविधिको क्षेत्रमा विगत तीन चार दशक देखि संस्थागत, नीतिगत तथा कार्यगत प्रयासहरू हुदै आएका छन । यसै क्रममा **२०३३ सालमा राष्ट्रिय विज्ञान तथा प्रविधि परिषद्को** स्थापना भएको र विज्ञान तथा प्रविधि क्षेत्रको उचित विकासका लागि अनुकुल वातावरण सृजना गरी देशको समुन्नती र विकासका लागि विज्ञान तथा प्रविधि सम्बन्धी कार्य गर्न **२०३९ मंसिर २० गते तत्कालिन नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको (रोनास्ट)** स्थापना भएको थियो । विज्ञान र प्रविधिको क्षेत्रमा कृयाशील सबै निकायहरू वीच समन्वय ल्याउन र सो सम्बन्धी कृयाकलापहरूलाई प्रभावकारीरूपमा अघि बढाउन प्रथम पटक **वि.सं. २०५३ साल जेष्ठ २ गते विज्ञान तथा प्रविधि मन्त्रालय**को गठन भएको थियो ।

नेपालमा विज्ञान तथा प्रविधिको विकासमा महत्वपुर्ण योगदान पुऱ्याउने अमृत साइन्स क्याम्पस स्थापनाको अवसर पारी हरेक बर्ष असोज महिनाको १ गते राष्ट्रिय विज्ञान दिवस मनाउने गरी **नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६९/०८/०८** मा निर्णय भएको थियो । यसै क्रममा **वि.सं. २०७० असोज १ गते** देखि प्रत्येक वर्ष राष्ट्रिय विज्ञान दिवस मनाइदै आएको छ ।

## २. उद्देश्य:

१. विज्ञान र प्रविधिको उपयोगको विस्तार वारे जनचेतना फैलाउने,

२. वैज्ञानिक खोज तथा अनुसन्धानमा संलग्न नव-प्रतिभाहरुलाई प्रोत्साहित गर्ने,

३. विज्ञान प्रविधि अध्ययन अध्यापनमा विद्यार्थी तथा शिक्षकहरुलाई आकर्षित गर्ने,

४. युवा जनशक्तिलाई स्वदेशमानै रहेर रोजगारीको वातावरण सिर्जना गरी प्रतिभा पलायनको प्रवृत्तिलाई न्युनिकरण गर्ने ।

## ३. सहभागिता तथा समन्वय :

१. **सातौं राष्ट्रिय विज्ञान दिवस, २०७६** लाई व्यवस्थित र भव्य रुपमा सम्पन्न गर्न यस मन्त्रालयका मा. मन्त्रीज्यूको संयोजकत्वमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, बि.पी. कोईराला मेमोरियल प्लानेटोरियम,विधि विज्ञान प्रयोगशाला, विश्वविद्यालय तथा वैज्ञानिक/प्राज्ञिक संघ/संस्था तथा निकायका पदाधिकारीहरु, विश्वविध्यालयहरुका डीनहरू, वैज्ञानिकहरुको संलग्नतामा मूलसमारोह समिति गठन भएको छ ।

२. उक्त दिवसलाई भव्यताका साथ मनाउन सबै प्रदेश र स्थानिय हरुलाई प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पत्राचार भईसकेको छ भने ७७ वटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ लाई पनि आफुँ मातहतका सम्पुर्ण शैक्षिक संस्थाहरुमा बिज्ञान सम्बन्धि विविध कार्यक्रम गर्न/ गराउन पत्राचार गरिएको छ ।

३. बिज्ञानको क्षेत्रमा क्रियाशिल सरकारी तथा गैरसरकारी संस्थाहरुको समेत सहकार्यमा मनाउन लागिएको यस सातौं राष्ट्रिय बिज्ञान दिवस २०७६ भाद्र २६ गते देखि असोज १ गते सम्म बिभिन्न कार्यक्रमका साथ मनाईदै छ ।

## ४. अपेक्षित उपलब्धी :

१. विज्ञान तथा प्रविधिको क्षेत्रमा भएका नविनतम् खोज तथा आविस्कारहरु बारे सर्वसाधारण सुसुचित हुने ।

२. विज्ञान तथा प्रविधिको क्षेत्रमा कृयाशील विभिन्न संघ/संस्था, निकाय तथा व्यक्तिहरुको यस क्षेत्रको समुचित विकास र उपयोगमा सहभागिता अभिबृद्धि हुने ।

३. विज्ञान तथा प्रविधिका क्षेत्रमा चासो राख्ने विभिन्त्र व्यक्ति तथा निकायहरुलाई यस क्षेत्रमा अझ प्रभावकारी ढंगले लागिरहन उत्प्रेरित गर्ने ।

४. विज्ञान तथा प्रविधिको महत्व र उपयोगका सम्बन्धमा जनचेतना जागृत हुने ।

५. नेपाल सरकारका कार्यक्रम प्रति सर्वसाधारण जनता तथा सरोकारवालाहरुको अपनत्व वृद्धि हुने ।

६. विज्ञान प्रविधि तथा आविष्कारका सम्बन्धमा अन्तर्कृयाका लागि साझा मञ्च प्राप्त हुने ।

सातौं राष्ट्रिय विज्ञान दिवस, २०७६ सप्ताहव्यापी रुपमा भव्यताका साथ मनाउनका लागि सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरुको सहकार्यमा निम्न बमोजिमको कार्यक्रमहरु प्रस्ताव गरिएका छन् :

| क.सं. | क्रियाकलाप/कार्यक्रमको विवरण | सहकार्य गर्ने संस्था/निकाय | मिति |
|---|---|---|---|
| १ | विज्ञान हाजिरीजवाफ प्रतियोगिता.वि .जनपथ मा :, कलङ्की | विज्ञान शिक्षक समाज, नेपाल | भाद्र २१ गते देखि भाद्र २८ गतेसम्म |
| २ | विज्ञान कविता प्रतियोगिता : रत्न राज्य मा. वि, वानेश्वर (बिषयः विज्ञान नवप्रवर्तन र औद्योगीकरण( | विज्ञान शिक्षक समाज, नेपाल | भाद्र २६ गते |
| ३ | Teacher workshop on “Fostering Creativity with Science” in collaboration with Empowerment Academy of King's College | King's College and Karkhana | भाद्र २६ गते |
| ४ | विज्ञान आर्ट प्रतियोगिता : सेलिब्रेसन को एड, गोठाटार (बिषयः विज्ञान नवप्रवर्तन र औद्योगीकरण) | विज्ञान शिक्षक समाज, नेपाल | भाद्र २७ गते |
| ५ | Workshop on "STEAM Education in 21st Century" for school leaders in four places (Hetuada, Pokhara, Chitwan and Kathmandu) | Karkhana | भाद्र २७ गतेदेखि भाद्र ३० गतेसम्म |
| ६ | विज्ञान निबन्ध प्रतियोगिता : विश्व निकेतन मा. वि, त्रिपुरेश्वर (बिषयः विज्ञान नवप्रवर्तन र औद्योगीकरण( | विज्ञान शिक्षक समाज, नेपाल | भाद्र २८ गते |
| ७ | Science Dialogue (विज्ञान संबाद) कार्यक्रम आयोजना गर्ने, | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (NAST) | भाद्र २९ गते |
| ८ | Workshop on Natural Products: Identification, Characterization and Utilization Sept. 15-16, 2019, | Tribhuvan University, Kirtipur, Kathmandu | भाद्र २९ र ३० गते |
| ९ | नेपाल टेलिभिजनद्वारा मा मन्त्रिज्यू तथा श्रीमान सचिवज्यूको . सहभागितामा विज्ञान प्रविधि तथा नवप्रबर्तन सम्बन्धि परिसम्बाद कार्यक्रम आयोजना गर्ने, | बि.पी. कोइराला प्लानेटोरियम | भाद्र ३० गते |
| १० | "विज्ञान, प्रविधि र उद्योग संगसंगै" कार्यशाला गोष्ठी गर्ने, | नेपाल घरेलु तथा साना उद्योग महासंघ तथा RECAST | भाद्र ३० गते |
| ११ | Seminar on “Scope of Biotechnology in Nepal and its Role in Nation Development” | CENTRAL DEPARTMENT OF BIOTECHNOLOGY (CDBT) and NEPALESE SOCIETY OF BIOTECHNOLOGY(NSB-CDBT), Tribhuvan University, Kirtipur | भाद्र ३० गते |
| १२ | विज्ञान परिसंबाद कार्यक्रम आयोजना गर्ने, | Micro-Biome, Nepal Janakpurdham | भाद्र ३० गते |
| १३ | **One Day KU Science Exhibition at IT Park, Kavre**) Including KU Super Computer, Couple Pendulum: KU Innovative, Amatuer Radio for Satelite Network, Activities of KU Robotics Clubs, KU Computer Club, KU Computational Mathematics Club( | Kathmandu University | भाद्र ३० गते |
| १४ | रेडियो नेपालबाट प्रा. डा. रामेश्वर अधिकारी (RECAST), डा. दिनेशराज भुजु, प्राज्ञ (NAST), डा. असिम ढकाल (PHUTUNG RESEARCH INSTITUTE) को सहभागितामा विज्ञान प्रबिधि तथा नवप्रबर्तन सम्बन्धि परिसम्बाद कार्यक्रम आयोजना गर्ने । | शिक्षा बिभाग | भाद्र ३१ गते |
| १५ | अन्तरविश्वविद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिताको सञ्चालन | अमृत साईन्स क्याम्पस | भाद्र ३१ गते |
| १६ | Seminar on "Molecular Biology in Conservation" | Environmental Graduates in Himalaya (EGH) | भाद्र ३१ गते |
| १७ | विज्ञान, प्रविधिमा महिलाहरुको सहभागिता अभिबृद्धि गर्न “विज्ञान, प्रबिधि र नवप्रवर्तनमा महिला” नामक २ दिने रोबोटिक्स तालिम संचालन गर्ने, | रोबोटिक्स एसोसिएसन अफ नेपाल | भाद्र ३१ देखि आश्विन १ गतेसम्म |

| | | | |
|---|---|---|---|
| १८ | Advance Technology (AI, Robotics, Drone, 3D printing, Blockchain, 3D mapping) सम्बन्धि कार्यक्रम स्थलमा स्टलहरु राखि प्रदर्शनी गर्ने, | रोबोटिक्स एसोसिएसन अफ नेपाल | आश्विन १ गते कार्यक्रम स्थलमा |
| १९ | Social media जस्तै Facebook, Twitter, Instagram, Youtube, LinkedIn मा व्यापक प्रचारप्रसार गर्ने, | रोबोटिक्स एसोसिएसन अफ नेपाल | आश्विन १ गतेसम्म |
| २० | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (NAST) को हाता भित्र फलफुलको वृक्षारोपण गर्ने, | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (NAST) | आश्विन १ गते |
| २१ | Program Lightning using smartphone and Electronics system instead of Lighter/Matchbox , | Living with ICT. | आश्विन १ गते |
| २२ | Documentary Exhibition of all Research and Innovation oriented institutions. | Phutung Research Institute | आश्विन १ गते |
| २३ | Water Rocket Demonstration कार्यक्रम स्थलको प्रांगणमा | विज्ञान शिक्षक समाज, नेपाल | आश्विन १ गते |
| २४ | १०+२ विज्ञान संकायमा उत्कृष्ट अंक प्राप्त गर्ने ७ प्रदेशका सामुदायिक र निजि १/१ गरी जम्मा १४ जना विद्यार्थीलाई पुरस्कृत गर्ने, | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | आश्विन १ गते |
| २५ | विज्ञान विषयमा कलम चलाउने २ जना पत्रकारहरुलाई पुरस्कृत गर्ने, | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | आश्विन १ गते |
| २६ | Research and Innovation मा उत्कृष्ठ कामगर्ने व्यक्ति वा संस्थालाई यहि आर्थिक बर्षबाट NAST ले कुलपति राष्ट्रिय नवप्रवर्तन पुरष्कार दिने घोषणा गर्ने, | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (NAST) | आश्विन १ गते |
| २७ | Display/Exhibition Stall at the venue | Robotics Association of Nepal and NAXA Pvt. Ltd. | आश्विन १ गते |
| २८ | One day KU SOS Biotech Meet 2019 (organized by KU BioTech Club) | Kathmandu University | आश्विन २ गते |
| २९ | Aarohan1.0 (Exhibition of Science, Technology and Innovation) | Everest Engineering College, Pokhara University | आश्विन २ र ३ गते |
| ३० | Techstars Global Women Startup Weekend Kathmandu - 2019 | Nepal Entrepreneurs' Hub (NEHUB) | आश्विन ३, ४ र ५ गते |
| | | | |